जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजबिराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २४५ २०८३ साल बैशाख २३ गते बुधबार (6 May 2026 Wednesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : पशुपतिनाथको स्वामित्वमा आयो पशुपति ... ३ पृष्ठमा : कर्मवादले देखाएको ... ३ पृष्ठमा : पश्चिम बङ्गालमा ...

## विभिन्न मुद्दाका फरार दशजना प्रतिवादी पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २२ बैशाख ।**

सप्तरी प्रहरीले विभिन्न मुद्दाका फरार दशजना प्रतिवादीलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीद्वारा मंगलबार जारि प्रेस विज्ञप्तिमा विभिन्न मुद्दाका फरार प्रतिवादी पक्राउ परेको उल्लेख छ ।

यसरी पक्राउ पर्नेमा ज्यान मार्ने उधोग, लागूऔषध, लुटपिट, सवारी ज्यान, अभद्र व्यबहार लगायतका विभिन्न मुद्दाका १० जना प्रतिवादी रहेको सप्तरीका प्रहरी प्रबक्ता डिएसपी डम्बर बहादुर पुरीद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

लुटपिट मुद्दाका प्रतिवादी सप्तरी खडक नगरपालिका ५ का राजोदेवी कुमारी मण्डल, कारी देवी मण्डल, रामदुलार मण्डल, रिता कुमारी मण्डल, दिपेश कुमार मण्डल, सेवरी देवी मण्डल, रंजना कुमारी मण्डल पक्राउ परेका छन् ।

उनीहरुलाई प्रति व्यक्ति १ सय ९६ रुपैयाँ जरिवाना तोकिएको छ भने लागूऔषध मुद्दामा २ दिन कैद सजाय तोकिएका राजविराज ७ का धिरेन्द्र कुमार साह छन् । पक्राउ परेकाहरुलाई कैद तथा जरिवाना भुक्तानका लागि सोमबार नै सप्तरी जिल्ला अदालत राजविराज दाखिला गरिएको डिएसपी पुरीले जानकारी दिए ।

यसैगरी सवारी अंगभंग मुद्दामा तिरहुत गाउँपालिका ५ का बर्ष २० को शिव शंकर यादव र ज्यान मार्ने उधोग मुद्दामा सुरुङ्गा नगरपालिका ९ का बर्ष ४० को काशिन्द्र साह, अभद्र व्यवहार मुद्दाका प्रतिवादी चितवन राप्ती नपा ९ बस्ने बर्ष ३० को राम बहादुर विश्वकर्मालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

पक्राउ परेका प्रतिवादी विरुद्ध जिल्ला अदालत राजविराजबाट ५ दिनको म्याद लिइ अनुसन्धान अगाडि बढाइएको प्रहरी प्रवक्ता डिएसपी पुरीले जानकारी दिए ।

## सडक दुर्घटनामा एक बालिकासहित तीन जनाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २२ बैशाख ।**

मधेश प्रदशेका विभिन्न जिल्लामा भएका छुट्टाछुट्टै सडक दुर्घटनामा परी एक बालिकासहित तीन जनाको मृत्यु भएको छ ।

सर्लाही, महोत्तरी र सिराहामा भएका यी सवारी दुर्घटनामा परि पैदलयात्री र चालकले ज्यान गुमाएका हुन् ।

सर्लाहीको बागमती नगरपालिका २ धरहरा चोकस्थित सडकमा सोमबार बेलुकी बीआर ३३ बीएफ ७८२१ नम्बरको भारतीय मोटरसाइकलले पैदल हिँडिरहेका स्थानीय ७५ वर्षीय हरि बहादुर अधिकारीलाई ठक्कर दिएको थियो ।

मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएका अधिकारीलाई तत्काल उपचारका लागि बारास्थित एलएस न्यूरो अस्पताल पुर्‍याइएको थियो । उनको उपचारकै क्रममा अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ । ठक्कर दिने मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएर कानुनी कारबाही अगाडि बढाएको छ ।

यसैगरी महोत्तरीको बर्दिबास नगरपालिका-४ स्थित लक्ष्मी खोलाको पूर्वपट्टी रहेको सडक खण्डमा अर्को दुर्घटना भएको छ । सोमबार राति प्र.२-०२-००१ त २१०८ नम्बरको ट्याक्टर अनियन्त्रित भई सडकमै पल्टिएको थियो । उक्त दुर्घटनामा परेर ट्याक्टर चालक बर्दिबास नगरपालिका ५ गढन्ता टोल बस्ने २६ वर्षीय अनिल कार्कीको घटनास्थलमै मृत्यु भएको छ । तीव्र गतिका कारण ट्याक्टर अनियन्त्रित भएको हुनसक्ने प्रहरीको अनुमान छ ।

यता सिराहाको सिराहा नगरपालिका १७ मा माडर चोकबाट भन्सार कार्यालयतर्फ जाँदै गरेको प्र.२-०१-००४ प ९३४७ नम्बरको मोटरसाइकलले पैदल हिँडिरहेकी ३ वर्षीया बालिका अलीना खातुनलाई ठक्कर दिएको थियो । सोमबार बिहान भएको उक्त दुर्घटनामा परि गम्भीर घाइते भएकी सिराहा नगरपालिका-१६ माडर बस्ने महमद अजातकी छोरी अलीनालाई तत्काल न्यूरो अस्पताल जनकपुर लगिएको थियो ।

त्यहाँ उपचार सम्भव नभएपछि थप उपचारका लागि विराटनगरतर्फ लैजाने क्रममा मंगलबार बिहान बाटोमै उनको मृत्यु भएको हो। दुर्घटना लगतै मोटरसाइकल चालक फरार भएकाले प्रहरीले उनको खोजी कार्य तीव्र बनाएको छ । सबै दुर्घटनाका सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जनतमको संसदीय दलको नेता परिवर्तन

**दैनिक समाचारदाता**
**राजविराज, २२ बैशाख ।**

जनमत पार्टीले मधेस प्रदेशसभामा आफ्नो संसदीय दलको नेता परिवर्तन गरेको छ । पार्टीका राष्ट्रिय अध्यक्ष डा. सीके राउतले चन्दन कुमार सिंहलाई मधेस प्रदेशको संसदीय दलको नेता चयन गरेका हुन् ।

पार्टीको केन्द्रीय कार्यकारिणी समितिले मंगलबार एक पत्र जारी गर्दै मंगलबारैको मितिदेखि लागू हुने गरी सिंहलाई नयाँ जिम्मेवारी सुम्पिएको जनाएको छ ।

’उपरोक्त सम्बन्धमा मंगलबारैको मितिदेखि लागू हुने

***बाँकी अन्तिम पृष्ठमा***

**महिला हिंसा**

महिला हिंसा होइन समाधान, आदर हो पहिचान ।
महिलालाई सम्मान गरौं, सभ्य समाज निर्माण गरौं ।
**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**

छोरी, आमा, दिदीबहिनी, हाम्रो शक्ति कति धनी ।
हिंसा होइन सुरक्षा देऊ, सम्मानले भरिएको समाज बनाऊ ।
**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**

हिंसा होइन, अधिकार, मायाले बनाउछ संसार ।
हात नउठाउ साथ देऊ, प्रेमको सन्देशको फैलाऊ ।
**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**

हिंसाले भत्काउछ सम्बन्ध सारा, मायाले जोडछ परिवार सारा ।
आदर बढाऔं, रिस घटाऔं, महिला हिंसा रहित सुन्दर परिवार बनाऔं ।
**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**

# पशुपतिनाथको स्वामित्वमा आयो पशुपति गौशाला धर्मशाला

**पूर्णप्रसाद मिश्र**

काठमाडौँ, २२ वैशाख (रासस)।

गौशाला धर्मशाला पशुपति क्षेत्र विकास कोषअन्तर्गत रहने काठमाडौँ जिल्ला अदालतकै फैसलालाई उच्च अदालत पाटनले पनि सदर गरेको छ।

सो फैसलासँगै मारवाडी सेवा समितिले व्यापार व्यवसाय सञ्चालन गरिरहेको गौशाला धर्मशालाका जग्गा खाली गनुपर्ने भएको छ। करिब २५ वर्षदेखि समितिको कब्जामा रहेको साविक पशुपति पञ्चायत वडा नं २ को कित्ता नम्बर ८३ को चार रोपनी १५ आना दुई दाम र कित्ता नम्बर ८५ को चार रोपनी १० आना जग्गामा समितिको मोही हक नलाग्ने ठहर जिल्ला अदालत काठमाडौँले गरेको थियो। यसैलाई उच्च अदालत पाटनले सदर गरेको अदालतका सूचना अधिकारी गोविन्दप्रसाद कोइरालाले राससलाई जानकारी दिनुभयो। फैसलासँगै पशुपति गौशाला धर्मशालाको सबै स्वामित्व कोषमै फिर्ता भएको छ।

उच्च अदालत पाटनका न्यायाधीशद्वय खड्गबहादुर केसी र रमेशप्रसाद ज्ञवालीको इजलासले सोमबार फैसला गर्दै काठमाडौँ जिल्ला अदालतको 'पशुपति क्षेत्र विकास कोष स्वामित्वको पशुपति गौशाला धर्मशालाको सम्पूर्ण जग्गा जमिनमा समितिको मोहियानी हक नलाग्ने' फैसला गरेको हो।

काठमाडौँ जिल्ला अदालतको फैसलापछि समितिले कोष, कोषका तत्कालीन सदस्य-सचिव डा मिलनकुमार थापासहित १२ जनालाई विपक्षी बनाएर २०८१ मङ्सिर २१ गते उच्च अदालत पाटनमा मुद्दा दायर गरेको थियो। काठमाडौँ जिल्ला अदालतका तत्कालीन न्यायाधीश कमलप्रसाद पोखरेलको इजसालले २०८१ असोज १६ गते गरेको फैसलाको पूर्णपाठमा धर्मशालाको जग्गामा आफ्नो मोही हक रहेको दाबी गरे पनि सो जग्गामा समिति मोही रहेको तथ्य अस्वीकार गरिएको भनिएको छ।

फैसलामा साविक समयदेखि पशुपति गौशाला धर्मशाला नामक कुनै पनि संस्था अस्तित्वमा रहेको नदेखिने र सो तथ्यलाई मारवाडी समितिले २०६० जेठ १२ गते पशुपति अमालकोट कचहरीसँग सम्झौता गर्दा स्वीकार गरेको देखिने प्रष्ट पारिएको छ।

**'धार्मिक कार्यमै लगाउनुपर्छ'**

कोषका पूर्वसदस्य-सचिव थापाले एक दशकको न्यायिक सङ्घर्षपछि न्यायालयबाटै पशुपतिनाथको सम्पत्ति फिर्ता भएको बताउनुभयो। अब सो जग्गा धार्मिक र सामाजिक कार्यका लागि सरकारी निकायसँगै समन्वय गरेर गैरनाफामूलक ढङ्गले सञ्चालन गर्न सकिने उहाँको भनाइ छ।

"कोष सञ्चालक परिषद्को २०८१ असोज २० गतेको निर्णय र असोज २२ गते कोष र काठमाडौँ महानगरपालिकाबीच भएको सहमतिअनुसार पशुपति गौशाला धर्मशाला सञ्चालक तथा व्यवस्थापन प्रक्रिया अघि बढाएर भगवान् पशुपतिनाथ मन्दिर दर्शन गर्न आउने भक्तजनलाई सेवा दिन सकिन्छ", थापाले भन्नुभयो।

वर्तमान प्रधानमन्त्री एवं काठमाडौँ महानगरका तत्कालीन प्रमुख वालेन्द्र शाह र पूर्वसदस्य सचिव थापाको समन्वयमा कोष र काठमाडौँ महानगरबीच पशुपति गौशाला धर्मशालालाई सामाजिक एवं धार्मिक कार्यका लागि गैरनाफामूलक ढङ्गबाट सञ्चालन गर्ने सहमति भएको थियो। "वर्तमान प्रधानमन्त्रीले महानगर प्रमुख हुँदा नै पशुपतिनाथको सम्पत्ति फिर्ता गरेर राज्यकै निकायले सञ्चालन गर्ने कार्यमा अग्रसरता लिनुभएको थियो। सरकारले तत्कालै धर्मशाला खाली गराएर उक्त सहमति कार्यान्वयन गर्दा उपयुक्त हुन्छ", थापाले भन्नुभयो।

अधिवक्ता कृष्णमुरार पुडासैनीले काठमाडौँ जिल्ला अदालतको फैसलालाई उच्च अदालत पाटनले सदर गरेपछि र मारवाडी सेवा समिति पुनरावेदनमा जान नपाउने बताउनुभयो। पुडासैनीका अनुसार दुवै तहको न्यायालयबाट पशुपति क्षेत्र विकास कोषको पक्षमा फैसला भएपछि समितिले दोहोऱ्याइ पाउँ भनेर निवेदन गर्न पाउने छैन। "उच्च अदालतको फैसला आइसकेपछि धर्मशाला खाली गर्ने प्रक्रिया अघि बढाउन सकिन्छ", पुडासैनीले भन्नुभयो।

**के छ फैसलामा ?**

काठमाडौँ जिल्ला अदालतको फैसलामा 'जग्गा श्री पशुपति अमालकोट कचहरीमा दर्ता भएका गुठीको जग्गा भन्ने तथ्यमा विवाद नदेखिए पनि श्री पशुपतिनाथ अमालकोट कचहरीबाट मोही दर्ता भई मोहीदर्ताको प्रमाण पुर्जा प्राप्त गरेको भनी सोको छायाँप्रति पेस गरी सो दर्ता अभिलेखमा दाबीको जग्गाको मोही महलमा श्री पशुपति गौशाला धर्मशाला रहेको तथ्यलाई मुख्य आधार लिएको देखियो' भनिएको छ। जिल्ला अदालतले समितिबाट पेस भएको कुनै पनि निर्णय अभिलेखका प्रमाणबाट उनीहरूको दाबीको जग्गामा मारवाडी सेवा समितिको मोही हक रहेको तथ्य प्रमाण पेस हुन नसकेको फैसलामा उल्लेख छ।

साथै अदालतले धर्मशालामा निर्माण भएका घर जग्गालगायतका भौतिक संरचनामाथि पशुपति अमालकोट कचहरीको पूर्ण स्वामित्वलाई मारवाडी सेवा समितिले स्वीकार गरेको तथ्यलाई पुष्टि गरेको देखिएको फैसला गरेको छ। सोही फैसलालाई उच्च अदालत पाटनले सदर गरिदिएको हो।

**धर्मशालाको इतिहास**

विसं १९९९ जेठ ५ गतेको पुर्जीले पशुपतिमा छोडिएका दूध कटुवा नन्दी ( साँढे) को संरक्षणका लागि जुनेलो घाँस लगाउन हरिनारायण भनिने रामकुमार मारवाडीलाई एक रोपनी दुई आना जग्गा उपलब्ध गराएको दस्तावेजमा उल्लेख छ । साविक पशुपति पञ्चायत वडा नं २ 'क' को कित्ता नं ८३ को चार रोपनी दुई आना र कि.नं. ८५ को चार रोपनी १० आना गरी जम्मा नौ रोपनी नौ आना दुई पैसा जग्गामा कोही पनि मोही नरहेको तथ्य कोषको अभिलेखमा देखिने पूर्वसदस्य सचिव थापा बताउनुहुन्छ।

"विसं २०६० मा समितिसँगको सम्झौतामा वर्षको रु ५१ हजार लिने भनिएको छ। तर मोहीसँग सम्झौता गरिँदैन। सहयोग पनि लिइँदैन। समितिलाई धर्मशाला सञ्चालन गर्न मात्रै दिइएको थियो", उहाँले भन्नुभयो।

# एक सय उनन्चास स्थानीय तहमा क्षयरोगमुक्त अभियान

काठमाडौँ, २२ वैशाख (रासस)।

सरकारले मुलुकलाई क्षयरोगमुक्त बनाउन स्थानीय तहमा अभियान सञ्चालन गरेको छ।

राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका निर्देशक डा भुवन पौडेलले मुलुकलाई क्षयरोगमुक्त बनाउन पहिलो चरणमा १४९ स्थानीय तहमा क्षयरोगमुक्त अभियान सञ्चालन गरिएको जानकारी दिनुभयो।

सरकारले सन् २०३५ सम्म नेपाललाई क्षयरोगमुक्त बनाउने र सन् २०५० सम्म मुलुकमा क्षयरोग निवारण गर्ने लक्ष्य राखेको छ। सन् २०५० मा १० लाखमा एक जना क्षयरोगका बिरामी झार्ने लक्ष्य रहेको केन्द्रका निर्देशक डा पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार सन् २०३५ मा एक लाखमा १० जनाभन्दा कममा झार्ने लक्ष्य रहेको छ।

केन्द्रका निर्देशक पौडेलले आगामी आर्थिक वर्षदेखि ५७३ स्थानीय तहमा क्षयरोगमुक्त अभियान सञ्चालन गर्ने तयारी रहेको जानकारी दिनुभयो। अभियानअन्तर्गत स्थानीय तहमा रहेका क्षयरोगका बिरामीलाई खोजतालस गरेर उपचारको दायरामा ल्याइने उहाँले बताउनुभयो। नेपालमा बर्सेनि ६७ हजार क्षयरोगका नयाँ बिरामी भेटिने गरेका छन्। तीमध्ये करिब ४० प्रतिशत बिरामी उपचारको दायराभन्दा बाहिर छन्।

उहाँका अनुसार क्षयरोगका कारण ५१ प्रतिशत बिरामी र तिनका परिवारले आर्थिक भार व्यहोर्नुपरेको छ। नेपालमा हरेक बर्ष १६ हजार जनाको क्षयरोगका कारण मृत्यु हुने गरेको छ। जसको मृत्यु दर प्रति एक लाखमा ५३ रहेको छ।

**क्षयरोग पत्ता लगाउन एआइ एक्सरे**

क्षयरोग पत्ता लगाउन केन्द्रले एआई एक्सरे प्रविधि प्रयोग गरेको छ। उक्त एक्सरे मेसिनले छातिको एक्सरे गरेर क्षयरोग लाग्ने सम्भावना के छ भनेर पत्ता लगाउने गरेको केन्द्रका निर्देशक पौडेलले जानकारी दिनुभयो।

"क्षयरोग पत्ता लगाउन बिरामीको खकार जाँच गर्नुपर्ने हुन्छ। हरेक बिरामीको खकार जाँच गर्न असम्भव हुन्छ", उहाँले भन्नुभयो, "तर एआइ एक्सरे मेसिनले परीक्षण गर्दा शङ्कास्पद बिरामी पत्ता लाग्छ र ती शङ्कास्पद बिरामीको खकार परीक्षण गरे क्षयरोग लागे नलागेको थाहा हुन्छ।" अहिले सात प्रदेशमा एक वटा दरले केन्द्रमा दुई वटा एआइ एक्सरे मेसिन रहेका छन्।

**नेपालमा करिब ६ देखि ८ प्रतिशत मानिस दम**

नेपालमा करिब ६ देखि ८ प्रतिशत मानिस दमबाट प्रभावित हुने गरेको पाइएको छ। इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखामा निर्देशक डा अनुज भट्टचनले विश्व दम दिवसको अवसरमा सार्वजनिक गर्नुभएको तथ्याङ्कमा नेपालमा करिब ६ देखि ८ प्रतिशत मानिस दमबाट प्रभावित भएको बताउनुभयो।

उहाँका अनुसार नेपालमा तीव्र सहरीकरण, बढ्दो वायु प्रदूषण तथा मौसमीय तथा जलवायु परिवर्तनका प्रभावका कारण दमको जोखिम निरन्तर बढ्दो क्रममा छ। दमले बालबालिका, किशोरकिशोरी, वयस्क तथा वृद्धसहित सबै उमेर समूहका मानिसलाई प्रभावित गरेको छ।

विश्व स्वास्थ्य सङ्गठन ( डब्लुएचओ) का अनुसार विश्वभर करिब २६ देखि ३० करोड मानिस दम रोगबाट प्रभावित रहेको अनुमान गरिएको छ। दमले शारीरिक गतिविधिमा सीमितता आउने, निद्रामा समस्या हुने र निरन्तर थकान महसुस हुने जस्ता समस्या देखापर्छन्।

महाशाखाका निर्देशक भट्टचनका अनुसार दमले मानसिक स्वास्थ्यमा असर पार्दै तनाव, डर र चिन्ता बढाउन सक्छ, जसले समग्र जीवनको गुणस्तर घटाउँछ। दमले बालबालिकाको शारीरिक विकास, शैक्षिक उपलब्धि तथा सामाजिक गतिविधिमा प्रत्यक्ष रूपमा बाधा पुऱ्याउने गर्दछ। दम अझै कम पहिचान हुने भएकाले धेरै बिरामीले प्रर्याप्त उपचार नपाउने गरेको उहाँको भनाइ छ।

विश्व दम दिवस मङ्गलबार 'दम भएका सबैलाई एन्टी-ईन्फलामेटरी इनहलेरमा पहुँच-अहिलेको प्रमुख आवश्यकता' नाराका साथ मनाइँदै छ।

# ट्रेड युनियन खारेजीले अधिकार खोस्दैन, बरु पेसागत स्वतन्त्रता बलियो बनाउँछ : प्रधानमन्त्री शाह

काठमाडौँ, २२ वैशाख (रासस)।

प्रधानमन्त्री वालेन्द्र शाहले शिक्षालयमा दलको झण्डा तथा कर्मचारीतन्त्रमा दलको झोला निषेध गर्नाले विद्यार्थी तथा कर्मचारीहरूको अधिकार नखोस्ने बरु यसबाट पेसागत स्वतन्त्रता बलियो बन्ने बताउनुभएको छ।

सामाजिक सञ्जाल फेसबुकमार्फत धारणा सार्वजनिक गर्दै प्रधानमन्त्री शाहले वर्षौंदेखि जरा गाडेर बसेको विद्यार्थी र कर्मचारीतन्त्रको पार्टीकरणले देशको प्रणालीलाई नै ध्वस्त पारेको उल्लेख गर्दै यसरी झण्डा र झोला निषेध गर्नाले उनीहरूको अधिकार र पेसागत स्वतन्त्रता नै झन बलियो बन्ने बताउनभुएको हो।

प्रधानमन्त्री शाहले लेख्नुभएको छ, "धेरै पत्रकार, नेता, अभियन्ता, व्यापारी र आमजनताले वर्षौंदेखि एउटै कुरा भन्दै आएका छन्", "विद्यार्थी र कर्मचारीतन्त्रलाई पार्टीकरणले बिगाऱ्यो", वर्षौंदेखि धेरै सङ्गठन विद्यार्थी र कर्मचारीको हितभन्दा बढी दलका 'स्लिपर सेल' बने। योग्यताभन्दा पहुँच, क्षमताभन्दा झोला र झण्डाको मूल्य बढाइयो। यसले प्रणालीप्रति नै जनताको विश्वास कमजोर बनायो।

उहाँले राष्ट्रिय स्वतन्त्र पार्टीले शिक्षालय र कर्मचारीतन्त्रबाट राजनीति हटाउने कुरा सङ्गठन बनाउन नसकेर नभई शिक्षाको गुणस्तर सुधार्न र कर्मचारीको सम्मान जोगाउनका लागि भएको पनि स्पष्ट गर्नुभएको छ। उहाँले भन्नुभएको छ, "चाहने हो भने आजकै दिनमा ठूला सङ्गठन बनाउन सकिन्छ तर अर्को दलगत सङ्गठन थप्दैमा सुधार हुँदैन भन्ने कुरा विगतले देखाइसकेको छ।"

प्रधानमन्त्री शाहले सरुवा र बढुवाको आधार दलगत निकटता नभएर विधि, क्षमता र दक्षता बन्नुपर्ने पनि बताउनुभएको छ।

उहाँले भन्नुभएको छ, "हाम्रो प्रयास यति मात्र हो, विद्यार्थीले राजनीति सिक्दा गुरुबाट सिकून्, नेताको भीडबाट होइन। कर्मचारीले विधि खोजून्, नेताको छहारी होइन। हामी चाहन्छौँ विद्यार्थीले राजनीति सिकून् तर सभ्यता, विचार र जिम्मेवारीको राजनीति। कर्मचारीले जनताको सेवा सिकून् कुनै दलको होइन।"

उहाँले सरकारको यो कदम कुनै पार्टीविरुद्धको लडाइँ नभएर प्रणाली बचाउने प्रयास भएको बताउँदै यो भविष्य बचाउने प्रयास तथा देशलाई दलगत कब्जाबाट निकालेर संस्थागत मार्गमा ल्याउने प्रयास भएको स्पष्ट गर्नुभएको छ।

प्रधानमन्त्री शाहले भन्नुभएको छ, "शिक्षालय र कर्मचारीतन्त्रलाई दलगत सङ्क्रमणबाट मुक्त गर्ने यो प्रयास हो। त्यसैले तपाइँहरूकै चाहनाअनुरुप अध्यादेशमार्फत यी विकृतिहरू हटाएका छौँ।"

यस कार्यमा सरकारले सबैको साथ र विश्वासको अपेक्षा गरेको पनि बताउनुभएको छ। उहाँले भन्नुभएको छ, "तपाइँको साथ चाहिएको छ, विश्वास चाहिएको छ, किनकि परिवर्तन भाषणले होइन, निर्णयले आउँछ। हामी तपाइँहरूकै जनचाहनाबमोजिम काम गर्न सरकारमा आएका हौँ। तपाइँहरू ढुक्क हुनुहोस्, हामी जे गर्छौं आम नेपाली जनताकै हितमा गर्छौं।"

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# कर्मवादले देखाएको बाटो

**मणिराम डङ्गोल**

काठमाडौँ, २२ वैशाख (रासस)।

विश्वमा समाजवाद, साम्यवाद, पूँजीवाद, धर्मवाद, जातिवाद, द्वन्द्ववाद अनेकन वादका सिद्धान्त प्रतिपादन भएका छन्। ती वादहरूले वास्तविक अर्थमा आमजनताको भलाइलाई भन्दा केही सीमित व्यक्ति वा समूलाई बढी फाइदा पुग्नेगरी काम गरेको देखिन्छ। समाजका सबै वर्ग समुदायको साझा हित र मुलुकको समग्र भलाइका लागि विकास भएको कर्मवादको बारेमा भने खासै धेरैलाई जानकारी नहुन सक्छ। विश्वका अधिकांश सम्पन्न देशलाई हेर्ने हो भने उनीहरूले श्रमको उच्च सम्मान गर्दै कर्मवादलाई अभ्यासमा ल्याएका छन्। नेपालको राजनीतिमा भने लामो समयदेखि नितान्त व्यक्तिवादी चिन्तन हाबी हुँदा 'सर्बजन हिताय, सर्बजन सुखाय' नभएर निजी लाभ र स्वार्थको अस्त्र बनेको छ। यसले गर्दा देशको आर्थिक अवस्थामा तात्विक सुधार हुन सकेन, युवा जनशक्ति विदेश पलायन भएका छन् र विदेशी निर्भरता बढेर गएको छ।

कुनै पनि देशलाई मार्गनिर्देश गर्ने वा स्वावलम्बी राष्ट्र निर्माणमा राजनीतिक नेतृत्वको ठूलो भूमिका रहेको हुन्छ। स्पष्ट सोच, असल विचार, दीर्घकालीन योजना, निःस्वार्थ भावना भएको राजनीतिज्ञले मात्र देशको काँचुली फेर्न सक्छ। यसका लागि राजनीतक नेतृत्वले मानिससँग रहेको प्रतिभाको पहिचान गरेर प्रयोगमा ल्याउन, आत्मविश्वासको विकास गर्न, आत्मसन्तुष्टिको मापन तयार पार्न सक्यो भने सबै नागरिकले शासन प्रणालीप्रति अपनत्व महसुस गर्न सक्छन्। यसबाट एकातिर समाजको आमूल परिवर्तन हुन्छ भने अर्कोतिर समृद्ध राष्ट्रको आधार तयार गर्न सकिन्छ।

कर्म भनेको श्रम हो, श्रमबिनाको मानव जीवनको कल्पना गर्न सकिँदैन। विश्वको आर्थिक, सामाजिक सांस्कृतिक, शैक्षिक, साङ्गठनिकजस्ता अनेक विषयको उठान श्रमशक्तिको उच्चतम् उपयोगबाट मात्र सम्भव हुन्छ। कर्मवाद केबल सामाजिक सिद्धान्तमात्र होइन, जीवन बाँच्ने तरिका पनि हो। संसारलाई रुपान्तरण गर्ने शक्ति विचार वा भाषणमा नभई कर्ममा निहित हुन्छ। कर्मवादले कर्मलाई दायित्वको रूपमा होइन, सिर्जनशील शक्तिको रूपमा हेर्छ। यसका लागि कार्य केबल श्रम होइन, सिर्जनशीलता हो, जसले शून्यलाई केहीमा रुपान्तरण गर्छ। जीवनमा प्रत्येक कार्यको फल हुन्छ भन्ने धारणा कर्मवादको मूल तत्व हो। त्यसैले अन्य राजनीतिक वादहरूभन्दा पूर्णतः भिन्न ढङ्गबाट कर्मवाद नितान्त सिर्जना, उत्पादन र नवप्रवर्तनमा अडिएको हुन्छ।

कर्मवादको दृष्टिमा जीवनको वास्तविक मूल्य परिणाममा होइन, कार्यको निरन्तर प्रवाहमा छ किनकि कर्म नै चेतनाको जागरण हो। कर्मवादले समयको मूल्य बुझेको हुन्छ। समयको प्रत्येक क्षण एउटा बिज हो, जसलाई कार्यको पानीले सिञ्चित गर्दा अङ्कुर फुट्छ र त्यही अङ्कुरणमा नयाँ फल फल्दछ। त्यसैले समयलाई खेर नफाली कार्यको पूजा गर्न सिक्नु नै कर्मवादको बाटोमा हिँड्नु हो। कार्य गर्ने व्यक्तिलाई सम्मान गर्दै कर्मवादले सबैलाई आफ्नो श्रम, सीप र समय समाजको उन्नतिका लागि उपयोग गर्न प्रेरित गर्छ। कर्मवाद उत्पादनमुखी कार्यशैलीमा आधारित छ। कर्मवादले प्रकृयामुखी र औपचारिकतामा सीमित गतिविधिलाई अस्वीकार गर्दै उत्पादन र उपलब्धिलाई विकासको केन्द्रमा राख्दछ। वास्तविक विकास त्यतिबेलामात्र सम्भव हुन्छ, जब कामबाट प्रत्यक्ष परिणाम देखापर्छ र त्यो परिणामले समाजमा सकारात्मक प्रभाव पार्छ।

कर्मवादलाई श्रम, रोजगारी र उत्पादनका साधन र स्रोतको युक्तिसङ्गत परिचालन र कठोर अनुशासनको रूपमा अर्थ्याउन सकिन्छ। हरेक मानिससँग केही न केही क्षमता हुन्छ, त्यसलाई उत्पादनसँग जोड्नु नै कर्मवाद हो। देश समृद्ध हुँदैमा सबै जनता सुखी हुँदैनन्, सुखी हुन त प्रत्येक वयस्क व्यक्ति उत्पादनसँग जोडिनुपर्छ। युवालाई उत्पादनसँग नजोड्ने हो भने उनीहरू देशमा टिक्न सक्दैनन्। त्यस अवस्थामा हरेक कुरामा परनिर्भर बन्नुपर्ने हुन्छ। परनिर्भरताले राष्ट्रिय सुरक्षामा समेत जोखिम निम्त्याउँछ। आधुनिकता र आत्मकेन्द्रित व्यक्तिवादी सोचले आज कसैले पनि अरुका लागि सकारात्मक सोच्नै नसक्ने अवस्था बनेको छ।

समृद्धिको आधार उत्पादनमात्र भएकाले श्रमको महत्व स्थापित गरी उत्पादनमा संलग्न व्यक्ति, वर्ग, समुदाय तथा उद्यमीहरूलाई उचित सम्मानको वैधानिक परिपाटी कायम गर्ने हो भने नेपालका सयौँ जातजाति र भाषाभाषीहरू राज्यको मूलप्रवाहमा जोडिनेछन् र आ-आफ्ना कला कौशल, संस्कृति र विशिष्टता जोगाउँदै परिश्रममा गर्न थाल्नेछन्। राज्यले बजारको सुनिश्चित गरिदिँदामात्र पनि समाजमा व्यावसायिक र औद्योगिक उत्पादनले अभूतपूर्व गति र उचाइ लिनेछ। यसबाट जनताको क्रयशक्ति र उपभोगमात्र बढ्ने छैन, यसले मुलुकको आयातमा आधारित अर्थतन्त्र निर्यातमुखी बन्न थाल्नेछ र गरिबी निवारणसहित सबल स्वाधिन अर्थतन्त्रले मुलुकको कायाकल्प हुनेछ। जनताका आधारभूत आवश्यकता पूर्तिसँगै जीवनस्तरमा सुधार, स्वास्थ्य अवस्था र औसत आयुमा समेत उल्लेख्य सुधार हुनेछ।

**कर्मवादका प्रणेता भगवान् बुद्ध**

समृद्धिका लागि बुद्धका धेरै उपदेशहरू नितान्त सान्दर्भिक रहेका छन्। धर्म आफैँमा मानव जातिको धारण गर्ने अनुशासन हो। माननवीय र कर्मशील मूल्य मान्यता हो, जीवनशैलीको मार्गदर्शन हो। भगवान् बुद्धले अनुशासनका नियमका रूपमा पञ्चशीलका उपदेशहरूले कर्मशील व्यक्तिका लागि सामाजिक सद्भाव, आचरण संस्कार र मूल्य मान्यताको संरक्षणसहितको सामाजिक सहअस्तित्वलाई प्रोत्साहन गरेको छ। बुद्धको समानता, शान्ति, दया, करुणा तथा कर्तव्यपरायणता जस्ता मान्यताहरू आजको कर्मशील समाजमा उत्तिकै सान्दर्भिक छन्। कर्मले नै मानिसलाई हीन वा महान् बनाउँछ अर्थात् लोभ वा पापबिनाको तृष्णा, लालसा र महत्वकाङ्क्षा तथा अन्यायपूर्ण, स्वार्थपूर्ण र भ्रष्ट आचरणसहितको कर्मले मानिसलाई कुकर्मतिर डोर्याउँछ।

आफ्नो कर्मलाई इमान्दार भएर समुचित ढङ्गबाट सम्पादन गर्नु कुनै पनि पेसा कर्मको धर्म हो भन्ने बुद्धको सन्देश कहिल्यै पनि असान्दर्भिक हुन सक्दैन। यही कुरा गीतामा पनि कर्मयोगको रूपमा व्याख्या गरिएको छ। कुनै लोभ र आशक्तिबिनाको कर्मले नै चित्त शुद्ध गराउँछ र कर्मबाट च्यूत भएको मानिस सधैँ लोभ, मोह, शोक, डरजस्ता कहिल्यै नसकिने दोष र क्लेसरुपी बन्धनबाट कहिल्यै मुक्त हुन सक्दैन भन्ने गीताको सन्देश बुद्धको सामूहिक हितमा गरिने विष्काम कर्म, त्याग, करुणामैत्रीजस्ता सङ्गठनहरूको अवलम्बन गरी आ-आफ्नो ठाउँबाट जिम्मेवार भएर कर्म गरेमा मात्र समाजमा व्याप्त अराजकता, भ्रष्टाचार र अनैतिकताको हार हुनसक्छ। यस्ता भाव मानिसमा नहुँदा नै आज समाज अराजक, भ्रष्टीकरण उन्मुख र नैतिक रूपमा क्षयीकरण हुँदै गएको छ।

बुद्धको अष्टाङ्ग मार्ग अनि पञ्चशीलमा आधारित कर्मवाद बुझी आफ्नो कर्म र आचरणलाई सफा गर्न आवश्यक छ। यसरीमात्र हामीले श्रम र उत्पादनद्वारा समाजलाई जोड्न सकिन्छ। प्रकृतिले दिएको स्रोत-साधनलाई चराचरका सबै जीव र वनस्पति जगत्को सहअस्तित्वलाई दृष्टिगतका साथ विवेकपूर्ण र समुचित उपयोग गरी श्रममा जुट्नु नै बुद्धको कर्मवाद हो। बुद्धले श्रमलाई नै समृद्धिको मार्ग बताएका छन्। बुद्धको कर्मवादले वैज्ञानिक, भौतिकवादी र प्रगतिशील जीवन पद्दतितर्फ अगाडि बढाउँछ। समृद्धि र सुखको बाटो यही हो।

बुद्धको कर्मवादबाट हेर्दा समाजवादमात्र होइन, साम्यवाद पनि नजिकै देखिन्छ। बुद्धको समता मार्ग एउटा त्यस्तो बाटो हो, जसमा सबै सामाजिक भेदवाद र उँच-निच मेटिन्छन् र सबै जाति, भाषा, धर्म, लिङ्ग र आर्थिक अवस्थाका मानिसहरूमात्र होइन, सबै वर्ग समुदाय एउटै स्तरमा खडा हुन्छन् र समान हैसियतमा रहन्छन्। बुद्ध दर्शनको यस्तो कर्मवाद संसारको नैतिक व्यवस्थाको शाश्वत र सार्वसौम नियमको आधार बन्नसक्छ। बुद्धको कर्मवादले हामी सबैलाई सत्मार्गको बाटो देखाउँछ। यसले लोभ र स्वार्थबाट माथि उठेर सबैलाई पवित्र भावनाले मुलुक र मुलुकवासीको हितलाई मात्र ध्यानमा राखेर सबैलाई आफ्नो कार्यसम्पादन गर्न प्रेरणा दिन्छ। *(लेखक कर्मवादका अभियन्ता हुनुहुन्छ)*

# निर्माण उद्योग संकटमा, मूल्यवृद्धि र नीतिगत ढिलाइले काम ठप्प

काठमाडौँ, २२ वैशाख (रासस)।

नेपाल निर्माण व्यवसायी महासङ्घले निर्माण उद्योगको इतिहासमै हाल निर्माण व्यवसायीहरू कठिन मोडमा पुगेको जनाएको छ।

मंगलबार आयोजित पत्रकार सम्मेलनमा महासङ्घले राज्यको कमजोर पुँजीगत खर्च, निर्माण सामग्रीमा तीव्र मूल्यवृद्धि र नीतिगत अन्योलका कारण मुलुकभरका अधिकांश आयोजना ठप्प प्रायः भएको उल्लेख गरेको हो।

महासङ्घका अनुसार सात प्रदेश, ७७ जिल्ला सङ्घ तथा अन्य सदस्यसहित करिब ३२ हजार निर्माण व्यवसायी आबद्ध रहेको यस क्षेत्र अहिले गम्भीर आर्थिक दबाबमा छ। चालु आर्थिक वर्षमा विनियोजित पुँजीगत बजेटमध्ये हालसम्म करिब २७ प्रतिशत मात्र खर्च हुनुले पूर्वाधार विकासमा प्रत्यक्ष असर परेको महासङ्घको भनाइ छ।

महासङ्घका अध्यक्ष निकोलस पाण्डेले मध्यपूर्वमा जारी युद्धका कारण डिजेल, मट्टितेललगायत इन्धन तथा बिटुमिन, सिमेन्ट, डण्डीजस्ता निर्माण सामग्रीको मूल्यमा असामान्य वृद्धि भएको बताउनुभयो।

गत फेब्रुअरी १५ मा प्रतिलिटर १३९ रुपैयाँ रहेको डिजेलको मूल्य बढेर २२५ रुपैयाँ पुगेको र बिटुमिनको मूल्य प्रतिकेजी ७५ बाट १५५ रुपैयाँ पुगेको छ। यसले निर्माण लागत अत्यधिक बढाउँदा व्यवसायीहरू 'फोर्स माज्युर' अवस्था सामना गर्न बाध्य भएको उहाँको भनाइ छ। तर, मूल्य समायोजनका लागि सरकारबाट प्रभावकारी निर्णय नभएको गुनासो सङ्घले गरेको छ।

महासङ्घले मूल्यवृद्धि र सामग्री अभावका कारण राष्ट्रिय गौरवका आयोजनासहित अधिकांश परियोजनाको काम ठप्प भएको जनाएको छ। निर्धारित समयमा आयोजना सम्पन्न हुने सम्भावना न्यून भएकाले बैंक ग्यारेण्टी, बिमा र क्षतिपूर्तिसहित सबै आयोजनाको म्याद थप गर्न सरकारसँग माग गरिएको छ।

यसैबीच सार्वजनिक खरिद ऐन, २०६३ संशोधनसम्बन्धी अध्यादेशले केही सकारात्मक व्यवस्था गरे पनि 'लो बिडिङ'जस्ता मूल समस्या पूर्ण रूपमा समाधान नगरेको महासङ्घले जनाएको छ। मूल्य समायोजन, उपभोक्ता समितिसम्बन्धी व्यवस्था, मासिक भुक्तानीलगायत विषयमा स्पष्टता अभाव रहेको महासङ्घको निष्कर्ष छ।

निर्माण व्यवसायी तथा अन्य उद्यमीहरूमाथि भइरहेको धरपकडले निजी क्षेत्र त्रसित भएको महासङ्घले जनाएको छ। यसले लगानी, रोजगारी र आपूर्ति प्रणालीमा नकारात्मक असर पार्ने चेतावनी दिइएको छ। महासङ्घले विद्युतीय खरिद प्रणालीसम्बन्धी विषयमा केन्द्रीय अनुसन्धान ब्यूरोको अनुसन्धानले कानुनसम्मत देखाएको उल्लेख गर्दै सोही विषयमा पुनः पक्राउ गरिनु दुःखद् भएको जनाएको छ।

हालको अवस्थामा 'काम गर्दा घाटा, नगर्दा जरिवाना'को दोहोरो मारमा व्यवसायी परेको महासङ्घको भनाइ छ। एक साताभित्र मूल्य समायोजनसम्बन्धी नीतिगत निर्णय नभए निर्माण कार्य स्वतः बन्द हुने र आन्दोलनका कार्यक्रम घोषणा गरिने जनाइएको छ।

## विश्व समाचार

# पश्चिम बङ्गालमा भाजपाको ऐतिहासिक अग्रता

नयाँदिल्ली, २२ वैशाख (रासस/एपी)।

भारतको राजनीतिमा नयाँ मोड ल्याउने सङ्केतका रूपमा प्रधानमन्त्री नरेन्द्र मोदीको सत्तारूढ हिन्दू राष्ट्रवादी दल भारतीय जनता पार्टी (भाजपा) ले पश्चिम बङ्गालको विधानसभामा उल्लेखनीय अग्रता हासिल गर्दै लामो समयदेखिको विपक्षी गढ तोड्ने स्थितिमा पुगेको छ। प्रारम्भिक मत परिणामहरूले राज्यको सत्ता समीकरणमा ठूलो परिवर्तन आउने सम्भावना देखाएका छन्।

भारतको निर्वाचन आयोगले सोमबार सार्वजनिक गरेको आंशिक नतिजाअनुसार २९४ सदस्यीय पश्चिम बङ्गाल विधानसभामा भाजपा कम्तीमा १२४ सिट जित्न सफल भएको छ भने थप ८३ सिटमा अग्रस्थानमा रहेको देखिएको छ। यसले राज्यमा पहिलोपटक भाजपा सरकार गठनको बाटो खुल्न सक्ने सङ्केत दिएको छ।

पश्चिम बङ्गालमा अहिलेसम्म शासन गर्न नसकेको भाजपाले वर्षौंदेखि मुख्यमन्त्री ममता बनर्जी नेतृत्वको अखिल भारतीय तृणमूल काङ्ग्रेस सरकारलाई विस्थापित गर्ने प्रयास गर्दै आएको थियो। सन् २०११ देखि निरन्तर सत्तामा रहँदै आउनुभएकी बनर्जी मोदीका प्रमुख आलोचकका रूपमा चिनिनुहुन्छ, र उहाँको राजनीतिक प्रभाव राज्यमा बलियो मानिन्थ्यो।

यसपटकको निर्वाचन प्रक्रियामाथि विवाद पनि उब्जिएको छ। निर्वाचन आयोगले लाखौँ मतदातालाई मतदाता सूचीबाट हटाएको आरोप लगाउँदै विपक्षी दलहरूले चुनावको निष्पक्षतामाथि गम्भीर प्रश्न उठाएका छन्। यसले राजनीतिक वातावरण थप तनावपूर्ण बनाएको छ।

यसैबीच, अन्य दुई राज्यमा पनि सत्तारूढ सरकारहरू परिवर्तन भएका छन् भने अप्रिलमा सम्पन्न अर्को राज्यीय चुनावमा भने भाजपाले आफ्नो सत्ता जोगाउन सफल भएको थियो। एक अर्ब ४० करोडभन्दा बढी जनसङ्ख्या भएको भारतमा २८ राज्य र आठ सङ्घीय क्षेत्रहरूमा नियमित रूपमा विभिन्न तहका चुनावहरू भइरहन्छन्, जसले देशको राजनीतिक गतिशीलता निरन्तर परिवर्तनशील बनाइरहेको छ।

विशेषतः आफ्नो तेस्रो कार्यकालको मध्य चरणमा पश्चिम बङ्गालको नतिजाले मोदीको राष्ट्रिय राजनीतिक प्रभाव अझ सुदृढ हुने अनुमान गरिएको छ। सन् २०२४ को आम निर्वाचनपछि केन्द्रमा सरकार गठनका लागि क्षेत्रीय दलहरूको सहयोग लिनुपरेको अवस्थालाई ध्यानमा राख्दा यो सफलता उहाँका लागि रणनीतिक रूपमा महत्त्वपूर्ण मानिएको छ। आगामी सन् २०२९ मा चौथो कार्यकालका लागि चुनाव लड्ने अपेक्षा पनि गरिएको छ।

नयाँदिल्लीस्थित पार्टी मुख्यालयमा समर्थकहरूलाई सम्बोधन गर्दै मोदीले पश्चिम बङ्गालको नतिजालाई ऐतिहासिक उपलब्धि बताउनुभयो। उहाँले राज्यमा पार्टीको बढ्दो जनआकर्षणलाई उजागर गर्दै 'बङ्गालको भाग्यमा नयाँ अध्याय थपिएको छ' भन्नुभयो। विपक्षी पक्ष भने अझै पनि राष्ट्रिय स्तरमा एकीकृत चुनौती प्रस्तुत गर्न सङ्घर्षरत देखिएको छ। विशेषतः क्षेत्रीय दलहरूलाई एकजुट गर्दै भाजपाविरुद्ध मोर्चा बनाउने प्रयासमा अग्रसर रहनुभएकी बनर्जीको सम्भावित हारले विपक्षी गठबन्धनभित्रको शक्ति सन्तुलनलाई कमजोर पार्न सक्ने आँकलन गरिएको छ।

दक्षिण भारतमा पनि रोचक राजनीतिक परिवर्तन देखिएको छ। तमिलनाडुमा चलचित्र क्षेत्रका लोकप्रिय कलाकार जोसेफ विजयले स्थापना गर्नुभएको तमिलगा वेट्री कजगम पार्टीले सत्तारूढ डिएमकेलाई पराजित गर्दै सत्ता हात पार्ने स्थिति बनाएको छ। तमिलनाडुमा चलचित्र व्यक्तित्वहरू राजनीतिमा सफल हुने परम्परा यसपटक पनि दोहोरिएको छ।

त्यस्तै, केरलामा भारतीय राष्ट्रिय काङ्ग्रेस नेतृत्वको विपक्षी गठबन्धनले सत्तारूढ कम्युनिस्ट सरकारलाई पराजित गर्दै वामपन्थी शासनको अन्त्य गरेको छ। यो परिणामलाई त्यहाँको दीर्घकालीन राजनीतिक समीकरणमा महत्त्वपूर्ण परिवर्तनको रूपमा हेरिएको छ। उत्तरपूर्वी राज्य असममा भने भाजपाले निरन्तर तेस्रो कार्यकालका लागि सत्ता कायम राख्न सफल भएको छ, जसले पार्टीको क्षेत्रीय प्रभाव अझ विस्तार भइरहेको सङ्केत गर्दछ।

# मध्यपूर्वमा तनाव उत्कर्षमा

पेरिस, २२ वैशाख (रासस/एएफपी)।

मध्यपूर्व क्षेत्रमा युद्धजन्य अवस्था थप जटिल बन्दै जाँदा अन्तर्राष्ट्रिय स्तरमा तनाव घटाउने आह्वान तीव्र भएको छ। पछिल्ला आक्रमण र प्रतिआक्रमणका घटनाक्रमले क्षेत्रीय मात्र नभई, विश्वव्यापी सुरक्षा चिन्ता बढाएको छ। संयुक्त अरब इमिरेट्समाथि भएको आक्रमणपछि बेलायत, फ्रान्स, जर्मनी र साउदी अरेबियाले तत्काल तनाव कम गर्न आग्रह गरेका छन्। बेलायतका प्रधानमन्त्री किर स्टार्मरले अवस्था थप चर्किन नदिन रोक लगाउनुपर्ने बताउनुभएको छ भने जर्मनीका चान्सलर फ्रेडरिक मर्जले इरानलाई वार्ताको मार्गमा फर्कन आग्रह गर्दै क्षेत्रीय तथा विश्व शान्तिलाई बन्धक नबनाउन चेतावनी दिनुभएको छ।

इरानतर्फबाट भने पछिल्ला आक्रमणलाई प्रत्यक्ष रूपमा अस्वीकार नगरिए पनि पूर्वनियोजित योजना नभएको दाबी गरिएको छ। एक वरिष्ठ इरानी सैन्य अधिकारीले तेल संरचनामा आक्रमण गर्ने कुनै पूर्वयोजना नरहेको उल्लेख गर्दै अमेरिकी सेनाको गतिविधिलाई उक्साहटपूर्ण भन्दै त्यसको जिम्मेवारी अमेरिकाले लिनुपर्ने बताए। यसैबीच, संयुक्त अरब इमिरेट्सको शिक्षा मन्त्रालयले सुरक्षा जोखिमलाई ध्यानमा राख्दै देशभरका विद्यालयहरूलाई बाँकी हप्ताका लागि दूरशिक्षामा रूपान्तरण गर्न निर्देशन दिएको छ।

अमेरिकी सेनाले भने इरानका छवटा साना डुङ्गाहरू नष्ट गरेको र आफ्ना तथा व्यापारिक जहाजहरूलाई लक्षित गरी प्रहार गरिएका क्षेप्यास्त्र र मानवरहित आक्रमणकारी यन्त्रहरूलाई निष्क्रिय बनाएको जनाएको छ। संयुक्त राज्य केन्द्रीय कमान्डका प्रमुख एडमिरल ब्राड कूपरले अमेरिकी हेलिकप्टरहरूले व्यापारिक जहाजहरूलाई खतरा पुऱ्याउने डुङ्गाहरूलाई निशाना बनाएको जानकारी दिनुभयो। यद्यपि, तेहरानले आफ्ना युद्ध डुङ्गाहरू नष्ट भएको दाबीलाई अस्वीकार गर्दै अमेरिकी भनाइलाई निराधार र झुटो भनेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने हर्मुज जलघाँटीमा स्थिति अपेक्षाकृत नियन्त्रणमै रहेको दाबी गर्नुभयो। उहाँका अनुसार इरानले केही गोली प्रहार गरे पनि ठूलो क्षति भएको छैन। दक्षिण कोरियाली जहाजमा सामान्य असर परेको बाहेक अन्य क्षति नभएको उहाँले बताउनुभयो।

# नेपालमा करिब आठ प्रतिशत मानिस दमबाट प्रभावित

काठमाडौँ, २२ वैशाख (रासस) ।
मंगलबार विश्व दम दिवस ‘दम भएका सबैलाई एन्टी-इन्फलामेटरी इनहलेरमा पहुँच-अहिलेको प्रमुख आवश्यकता’ नाराका साथ विविध कार्यक्रम गरी मनाइँदैछ ।

दिवसकै अवसरमा इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखामा निर्देशक डा अनुज भट्टचनले सार्वजनिक गर्नुभएको तथ्याङ्कअनुसार नेपालमा करिब छदेखि आठ प्रतिशत मानिस दमबाट प्रभावित हुने गरेको पाइएको छ ।

उहाँका अनुसार नेपालमा तीव्र सहरीकरण, बढ्दो वायु प्रदूषण तथा मौसमी र जलवायु परिवर्तनका कारण दमको जोखिम निरन्तर बढ्दो छ । दमले बालबालिका, किशोरकिशोरी, वयस्क तथा वृद्धसहित सबै उमेर समूहका मानिसलाई प्रभावित गरेको उहाँको भनाइ छ ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)का अनुसार विश्वभर करिब २६ देखि ३० करोड मानिस दम रोगबाट प्रभावित रहेको अनुमान गरिएको छ । दमले शारीरिक गतिविधिमा सीमितता आउने, निद्रामा समस्या हुने र निरन्तर थकान महसुस हुनेजस्ता समस्या देखा पर्छन् ।

दम अझै पनि कम पहिचान हुने भएकाले धेरै बिरामीले पर्याप्त उपचार नपाउने गरेको उहाँको भनाइ छ । स्वास्थ्य संस्थामा दम उपचारका आधारभूत सामग्री, विशेषगरी इनहेल्ड कोर्टिकोस्टेरोइडयुक्त (एन्टी-इन्फलामेटरी) इनहेलरको उपलब्धता कम हुनु वा मूल्य अत्यधिक महँगो हुनुका कारण विश्वभर हुने दमसम्बन्धी करिब ९६ प्रतिशत मृत्यु हाम्रोजस्तो मध्यम आय भएका देशमा हुने गरेको पाइएको छ ।

“इनहेलरको सट्टा मुखमार्फत वा सुइमार्फत दिने औषधिमा बढी निर्भर हुने प्रवृत्ति अझै देखिन्छ, जुन सधैँ प्रभावकारी हुँदैन । त्यसैले उपचारमा ढिलाइ तथा आवश्यक औषधिको अभावका कारण जटिलता बढ्ने जोखिम रहन्छ”, उहाँले भन्नुभयो ।

# आशा जगाउने बजेट ल्याइन्छ : अर्थमन्त्री वाग्ले

काठमाडौं, २२ बैशाख (रासस) ।
अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले आशा जगाउने किसिमको बजेट ल्याउने बताउनुभएको छ । सोमबार नेपाल उद्योग वाणिज्य महासङ्घको ६०औँ वार्षिक साधारणसभाको उद्घाटन समारोहलाई सम्बोधन गर्दै अर्थमन्त्री वाग्लेले आगामी आर्थिक वर्षका लागि आशा जगाउने बजेट ल्याइने र निजी क्षेत्रलाई विकासको सारथी बनाउने प्रतिबद्धता जनाउनुभयो ।

उहाँले आर्थिक वृद्धि, रोजगारी सिर्जना तथा लगानी विस्तारका लागि निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण रहने उल्लेख गर्नुभयो । मन्त्री वाग्लेले मन्त्रिपरिषद्मा निजी क्षेत्रको संरक्षण तथा प्रवर्द्धनसम्बन्धी रणनीतिक प्रस्ताव पेस गरिएको जानकारी दिनुभयो । करिब १०० अर्ब डलरको अर्थतन्त्र निर्माण गर्ने दीर्घकालीन लक्ष्य हासिल गर्न निजी क्षेत्रको साथ अपरिहार्य रहने उहाँले बताउनुभयो । “सरकारको स्रोत सीमित छ, तर निजी क्षेत्रको लगानीले नै अर्थतन्त्रलाई विस्तार गर्छ,” उहाँले भन्नुभयो ।

उहाँका अनुसार सरकारको खर्च जीडिपीको करिब २५ देखि ३० प्रतिशत मात्र रहेकाले बाँकी आर्थिक गतिविधि निजी क्षेत्रबाट सञ्चालन हुने गरेको छ । “आर्थिक प्रगतिमा बाधक बनेका करिब दुई दर्जन ऐन खारेज गर्ने योजना अघि बढाइएको छ,” मन्त्री वाग्लेले भन्नुभयो, “त्यसैगरी, राजस्व प्रशासन सुधार गर्दै कर प्रणालीलाई उद्यममैत्री र लगानीमैत्री बनाइने छ ।”

मन्त्री वाग्लेले सरकारले सामाजिक बजार अर्थतन्त्रको अवधारणा अनुरूप नीतिहरू अघि बढाउने बताउनुभयो । निजी क्षेत्रको नवप्रवर्तन र गतिशीलतालाई प्रोत्साहन गर्दै शिक्षा, स्वास्थ्य, यातायात र सामाजिक सुरक्षामार्फत आयको समतामूलक वितरण सुनिश्चित गरिने उहाँले स्पष्ट पार्नुभयो ।

# ‘सरकार प्रेस स्वतन्त्रता, पारदर्शिता र लोकतान्त्रिक मूल्यप्रति पूर्ण प्रतिबद्ध छ’

काठमाडौं, २२ वैशाख (रासस) ।
सरकार प्रेस स्वतन्त्रता, नागरिकको सूचनाको हक र संवैधानिक मर्यादाप्रति पूर्ण प्रतिबद्ध रहेको स्पष्ट पारिएको छ । प्रधानमन्त्री वालेन्द्र शाहको सचिवालयले सोमबार प्रेस नोट जारी गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय परिसरभित्र सोमबार सञ्चारकर्मीलाई भिडियो खिच्न रोक लगाइएको भन्ने समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै कुनै अवरोध नभएको जनाएको छ ।

प्रधानमन्त्री शाहका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालद्वारा जारी प्रेस नोटमा सरकार प्रेस स्वतन्त्रता, पारदर्शिता र लोकतान्त्रिक मूल्यप्रति पूर्ण रूपमा प्रतिबद्ध रहेको उल्लेख छ ।

सञ्चारकर्मीलाई सूचना सङ्कलनका लागि अनुमति भएको र त्यहाँ कुनै अवरोध नभएको उल्लेख गर्दै भविष्यमा नहुने स्पष्ट पारिएको छ । प्रेस विज्ञ दाहालले सञ्चारकर्मीलाई हटाउन वा भिडियो खिच्न रोक्न कुनै निर्देशन नदिएको उल्लेख गर्नुभएको छ ।

सुरक्षा र व्यवस्थापनसँग सम्बन्धित सामान्य प्राविधिक विषयलाई प्रेसमाथिको अङ्कुशका रूपमा अतिरञ्जित नगर्न सचिवालयले आग्रह गरेको छ । सचिवालयका अनुसार सोमबार प्रधानमन्त्री कार्यालय प्रवेशका क्रममा परिसरमा सवारीसाधनको भीडभाड देखिएपछि प्रधानमन्त्री शाहले केवल सुरक्षा व्यवस्थापनबारे सुरक्षाकर्मीसँग सामान्य जिज्ञासा राख्नुभएको थियो ।

सुरक्षाकर्मीले गेटमा रहेका सञ्चारकर्मीलाई स्थान परिवर्तन गर्न भनेको विषयबारे गुनासो आएपछि तुरुन्तै समन्वय गरी पत्रकारहरूको पहुँचमा कुनै रोकटोक नभएको जानकारी गराइएको पनि प्रेस नोटमा उल्लेख गरिएको छ ।

### जनतमको संसदीय ...

गरी जनमत पार्टी मधेस प्रदेश संसदीय दलको नेताको रूपमा चन्दन कुमार सिंहलाई तोकी जिम्मेवारी हेरफेर गरिएको व्यहोरा जानकारी गराउँदछौँ,’ अध्यक्ष राउतले जारी गरेको पत्रमा भनिएको छ ।

पार्टीले यस निर्णयको जानकारी मधेस प्रदेशसभा सचिवालय र जनमत पार्टी मधेस प्रदेश संसदीय दललाई समेत गराइसकेको छ ।

यसअघि मधेस प्रदेशमा जनमत पार्टीको संसदीय दलको नेताको रूपमा महेशप्रसाद यादव रहँदै आएका थिए । नयाँ चयन गरिएका नेता सिंह जनमत पार्टीका केन्द्रीय सचिव समेत हुन्। सोमबार नै जनमतले सरकारबाट फिर्ता हुने निर्णय गरेको थियो । तर यसमा यादवले असहयोग गरेपछि नयाँ नेता चयन गरिएको बताइएको छ ।

# सातै प्रदेशमा कृषि गणना गरिँदै

**दैनिक समाचारदाता**
**काठमाडौँ, २२ वैशाख ।**
कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आन्तरिक जनशक्तिको प्रयोग गरेर तीन तहकै सरकारको सहभागितामा पहिलो पटक सातै प्रदेशमा कृषि गणना सञ्चालन गरेको छ ।

सरकारले आफ्नो स्रोत र साधनको अधिकतम परिचालन गरी कृषि गणनालाई मितव्ययी बनाएको हो । गणकले प्रत्येक किसानको घरदैलोमा पुगेर प्राप्त गरेको सूचनाका आधारमा आधिकारिक तथ्याङ्क सङ्कलन गरेका छन् । तथ्याङ्क प्राप्त गर्न मोबाइल र ट्याबलोइडको प्रयोग गरिएकाले कृषि गणना कार्यक्रम प्रभावकारी बनेको पाइएको छ ।

मन्त्रालयका वरिष्ठ तथ्याङ्क अधिकृत रामकृष्ण रेग्मीले गणनाबाट प्राप्त तथ्याङ्कका आधारमा कृषि क्षेत्रको विकासका लागि आवश्यक राष्ट्रिय नीति नियम बनाउन तथा त्यसलाई कार्यान्वयनमा लैजान सहयोग पुग्ने जानकारी दिनुभयो ।

पहिलो चरणमा स्थानीय तहका कृषि प्राविधिक किसानको घरदैलोमा पुगेर कृषिमा कृषकको पहुँच, मलबिउको प्रयोग, मूल्य भण्डारणको संरचना, सिँचाइको प्रयोग, प्रविधिको प्रयोग, वित्तीय पहुँच, कृषि सेवा पहुँच, बिमा, कृषि पशुको उत्पादनको अवस्थालगायतका विषयमा प्रश्न सोधेर तथ्याङ्क सङ्कलन गरिने जनाइएको छ ।

दोस्रो चरणमा प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी कृषिको आधिकारिक तथ्याङ्क परिणाम निकालिने छ । महत्वाकांक्षी परियोजनाका रूपमा सञ्चालन गरिएको यो कार्यक्रममा मन्त्रालयले सुपरिवेक्षकलाई तालिम दिने र सुपरिवेक्षकले गणकलाई तालिम दिने व्यवस्था गरिएको छ ।

दोस्रो चरणको काम सुरु गर्न पहिलो चरणको काम अनिवार्य सम्पन्न गर्नुपर्ने वरिष्ठ अधिकृत रेग्मीले जानकारी दिनुभयो ।

# इन्धनको दुरुपयोग भएको छैन : स्वास्थ्य मन्त्रालय

काठमाडौँ, २२ वैशाख (रासस) ।
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जेनजी आन्दोलनका क्रममा नष्ट भएका सवारीसाधनका नाममा इन्धन दुरुपयोग नभएको स्पष्ट पारेको छ ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले मन्त्रालयले गरेको छानबिनका क्रममा कर्मचारीले जेनजी आन्दोलनका क्रममा जलेर नष्ट भएका सवारीसाधनको नाममा इन्धन दुरुपयोग नगरेको बताउनुभयो ।

जेनजी आन्दोलनका क्रममा जलेर नष्ट भएका सवारीसाधनको नाममा इन्धन दुरुपयोग भन्ने गरेको बिषय सञ्चारमाध्यममा आएपछि मन्त्रालयले गत वैशाख १५ गत छानविन समिति गठन गरेको थियो ।

समितिले जलेका सवारीसाधनसम्बन्धी प्रहरी मुचुल्का, इन्धनसम्बन्धी अभिलेख, भुक्तानी विवरणलगायत सम्बन्धित कागजातको अध्ययन तथा विश्लेषणका आधारमा जलेका सवारीसाधनका नाममा इन्धन दुरुपयोग नभएको निष्कर्ष निकालेको मन्त्रालयका सहप्रवक्ता अधिकारीले जानकारी दिनुभयो ।

जातीय भेदभाव उन्मूलन गरौं।

- सबै मानिस समान हुन्,
- समावेशी समाज निर्माणमा सबैको समान सहभागिता सुनिश्चित गरौं,
- भेदभावविरुद्ध आवाज उठाउँदै न्याय र समानताको पक्षमा पैरवी गरौं,
- विद्यालय, कार्यस्थल र समुदायमा समान व्यवहार अपनाऔं,
- मानव अधिकारको सम्मान र संरक्षण गरौं,
- बिभेदजन्य व्यवहार, घृणा र पूर्वाग्रह त्यागौं,
- सामाजिक सद्भाव, सहिष्णुता र आपसी सम्मान बढाऔं,
- कानुन र नीतिहरूको पालना गर्दै बिभेदमुक्त वातावरण बनाऔं,
- नयाँ पुस्तामा समानता र मानवताको मूल्य सिकाऔं।

जातजाति, सम्प्रदाय, लिङ्ग, भाषा वा धर्मका आधारमा हुने बिभेदको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरु यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरु उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*